मंगला गाउँपालिकाको गाउँसभामा

अध्यक्ष श्री सत प्रसाद रोकाद्वारा

पेश भएको

# आर्थिक वर्ष २०८३/२०८४ को

## मंगला गाउँपालिकाको नीति तथा कार्यक्रम

सभामा पेश भएको मिति: २०८३/०३/०९

मंगला गाउँपालिका

बाबियाचौर, म्याग्दी

## सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,

मंगला गाउँपालिकाको यस गरिमामय सभामा, गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफुलाइ गौरवान्वित महशुस गरेको छु ।

नेपालमा लोकतान्त्रिक व्यवस्था स्थापनार्थ विभिन्न कालखण्डमा भएका सङ्घर्ष र आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा योगदान गर्नुहुने सम्पूर्ण व्यक्तिहरुलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुरुप जनताको नजिकको सरकारको रुपमा रहि जनताहरुलाई विकास, समृद्धि र सुशासनको प्रत्याभुति दिलाउने प्रमुख दायित्वलाई केन्द्रमा राखेर वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ । नागरिकका आकांक्षा र आवश्यकतालाइ प्राथमिकतामा राखि उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन मार्फत नागरिक सन्तुष्टि र समृद्धि प्रवर्धनको लागि मंगला गाउँपालिका सधै प्रतिबद्ध रहेको छ ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मार्फत प्राप्त संवैधानिक तथा कानूनी मार्गदर्शन, दिगो विकास लक्ष्यहरु, नेपाल सरकारको सोह्रौं आवधिक योजना, गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना, मंगला गाउँपालिकाको प्रथम आवधिक योजना र गाउँपालिकाले जनतासामू व्यक्त गरेका प्रतिवद्धता अनुरुप दिगो एवं टिकाउपुर्ण पूर्वाधार निर्माण, गुणस्तरिय विद्यालय शिक्षा, पहुँचयोग्य आधारभुत स्वास्थ्य सेवा प्रवर्धन, सामाजिक विकास, कृषि,उद्योग र पर्यटन क्षेत्रको प्रवर्धन, रोजगारी प्रवर्धन, विपन्न तथा लक्षित वर्गको उत्थान, पर्यावरण संरक्षण र विपद व्यवस्थापनलाई नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रको रुपमा लिइएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गरी स्थानीय तहको विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी जनतालाइ सु-शासनको प्रत्याभुती गर्ने माध्यमको रुपमा यो नीति तथा कार्यक्रम निर्देशित रहेको छ । दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीकरण गर्दै **"सम्मृद्ध मंगला गाउँपालिका सुखी मंगला बासी जनता"**को लक्ष्य हासिल गर्नु यस नीति तथा कार्यक्रमको प्रमुख लक्ष्य रहेको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

१. गाउँपालिकाको आवधिक योजना र मध्यमकालीन खर्च संरचनाले तय गरेको **“कृषि, पर्यटन र पूर्वाधार समृद्ध र सुखी मंगला गाउँपालिकाको आधार”** भन्ने दिर्घकालिन सोच अनुरुप स्थानीय आवश्यकतालाइ मध्यनजर गरी कृषि, पर्यटन र पूर्वाधार क्षेत्रको विकास मार्फत, तिव्र दिगो र उच्च आर्थिक वृद्धि एवं समावेशि, समन्यायिक, वातावरण मैत्री र दिगो विकासका लक्ष्य अनुरुप विकास गर्ने नीति लिइनेछ ।

२. गाउँपालिकाको दीगो तथा एकीकृत विकासको लागि गाउँपालिकाका बस्ति स्तरबाट समाजमा रहेका सबै वर्गको सहभागितामा आयोजना संकलन गरी प्राथमिकताक्रम निर्धारण सहित योजना बैंक तयार गरी गाउँपालिकाको वजेट तथा कार्यक्रम तयार गर्दा उक्त योजना बैङ्कमा समावेश भएका आयोजनालाइ प्राथमिकता दिइने छ ।

## <u>शिक्षा युवा तथा खेलकुद सम्बन्धी नीतिहरु</u>

३. **“योग्य, क्षमतावान नागरिक उत्पादनका लागि गुणस्तर तथा सिपयुक्त शिक्षामा सबैको पहुँच”** को अवधारणा अनुरुप गाउँपालिका भित्रका सम्पूर्ण बालवालिकाहरुलाई निशुल्क एवं अनिवार्य आधारभुत शिक्षा र निशुल्क माध्यमीक शिक्षा सम्बन्धी संवैधानिक अधिकारको कार्यान्वयन गरी सबै बालबालिकाको गुणस्तरिय शिक्षामा पहुँच सुनिस्चित गरिनेछ ।

४. विद्यालयहरुको भौतिक पूर्वाधार तथा मर्मत सम्भारका लागि आवश्यकता पहिचान सहितको शैक्षिक पूर्वाधार गुरुयोजना तयार गरी संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

५. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिको लागि संघ र प्रदेश सरकारको लागत साझेदारीमा सवै विद्यालयहरुमा पुस्तकालय स्थापना, शिक्षणमा सूचना तथा संचार प्रविधिको प्रयोग, गुणस्तरीय इन्टरनेटको पहुँच विस्तार, स्माट बोर्ड मार्फत पठन-पाठनको व्यवस्था, विज्ञान प्रयोगशालाको स्थापना तथा व्यवस्थापन, "स्मार्ट स्कुल" जस्ता कम्प्यूटर सफ्टवेरको प्रयोग गरिनेछ।

६. कक्षा ६-१२ सम्म अध्ययन गर्ने छात्राहरु तथा विद्यालय शिक्षिकालाई निःशुल्क सेनिटरी प्याड वितरणको ब्यबस्थालाई प्रभावकारी बनाइने छ ।

७. नेपाल सरकारको स्वीकृत दरबन्दीमा कार्यरत विद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूको सेवा, योगदान र जिम्मेवारीलाई

सम्मान गर्दै उपलब्ध स्रोतसाधनको आधारमा पारिश्रमिकलाई क्रमशः वृद्धि गरी थप सम्मानजनक र उत्प्रेरणामूलक बनाइनेछ ।

८. विद्यार्थी संख्या, भौगोलिक सुगमता, शैक्षिक गुणस्तर तथा विद्यालय व्यवस्थापनको प्रभावकारितालाई आधार मानी संघ र प्रदेश सरकारसँगको सहकार्य तथा समन्वयमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण र शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । यसबाट प्राप्त वित्तीय दक्षताका आधारमा गाउँपालिकाबाट उपलब्ध गराईंदै आएको शिक्षण अनुदानलाई क्रमशः पुनर्संरचना तथा कटौती गर्दै दिगो शैक्षिक व्यवस्थापनलाई प्रवर्द्धन गरिनेछ ।

९. "महिला शिक्षकहरूको प्रसूति बिदाको समयमा विद्यालयको पठनपाठन पूर्ण रूपमा सूचारु राख्न 'मातृत्व सम्मान तथा शैक्षिक निरन्तरता' कार्यक्रम कार्यान्वयन गरिनेछ। स्वीकृत ९८ दिनको प्रसूति बिदाको अवधिभर सम्बन्धित विद्यालयमा सिकाई निरन्तरताका लागि गाउँपालिकाको खर्चमा 'स्वयंसेवक शिक्षक' व्यवस्थापन गर्ने नीति लिइनेछ ।"

१०.स्थानीय आवश्यकता अनुरूप मंगला गाउँपालिकाको स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष परिमार्जन गरी कक्षा १—५ का पाठ्यपुस्तकको लेखन, परीक्षण तथा कार्यान्वयन प्रक्रिया सम्पन्न गरिनेछ ।

११.प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर सुधार र बालबालिकाको पोषण अवस्थालाई सुदृढ बनाउन 'प्रारम्भिक बालविकास शिक्षाका बालबालिकासँग गाउँपालिका अध्यक्ष कार्यक्रमलाई थप परिमार्जनसहित निरन्तरता दिइनेछ ।

१२.विद्यालय अतिरिक्त क्रियाकलापलाई सीप, उद्यमशीलता, गरिखाने शिक्षा तथा जीवनोपयोगी शिक्षासँग आबद्ध गरी विद्यार्थीमा सिर्जनशीलता, नेतृत्व क्षमता र व्यावहारिक दक्षताको विकास गरिनेछ ।

१३.विद्यालय प्रशासनलाई प्रविधिमैत्री बनाउँदै माध्यमिक तहमा सञ्चालित विद्युतीय हाजिरी प्रणालीलाई थप व्यवस्थित गरी क्रमशः आधारभूत तहसम्म विस्तार गरिनेछ ।

१४.विद्यालय अनुदान तथा स्रोत व्यवस्थापनमा सुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न प्रधानाध्यापकहरूको नेतृत्व, व्यवस्थापकीय तथा वित्तीय क्षमता विकासलाई प्राथमिकता दिइनेछ ।

१५."बालबालिकाहरूमा बढ्दो स्क्रिन टाइम र प्रविधिको नकारात्मक प्रभावलाई कम गर्दै प्रविधिको सुरक्षित र उत्पादनशील प्रयोग बढाउन 'सुरक्षित प्रविधि, अनुशासित सिकाई'

कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय र समुदाय स्तरमा 'डिजिटल डिटोक्स' (Digital Detox) अभियान तथा सकारात्मक अभिभावकत्व (Positive Parenting) सम्बन्धी अभिभावक सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।"

१६.सामुदायिक विद्यालयहरूको शैक्षिक, प्राविधिक तथा संस्थागत सशक्तीकरणका लागि निजी क्षेत्र, पूर्व विद्यार्थी, सामाजिक संघसंस्था, विकास साझेदार तथा सरोकारवालासँग सहकार्य र साझेदारीको वातावरण सिर्जना गरिनेछ ।

१७.मंगला माध्यामिक विद्यालयमा सञ्चालित कृषि प्राविधिक धारको ११ र १२ कक्षा सञ्चालन प्रभावकारी र उपलब्धी मूलक वनाई कृषि क्षेत्रको अध्ययन अनुसन्धान कार्यमा सहयोग पूराइनेछ ।

१८.मंगला गाउँपालिका क्षेत्र भित्रका संरक्षक नभएका, गरीब, विपन्न, जेहेन्दार तथा पछाडि पारेका/अति विपन्न परिवारका विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्ने कार्यलाइ निरन्तरता दिइने छ।

१९.पश्चिम म्याग्दी क्षेत्रमा रहेको एक मात्र मंगला शिक्षा क्याम्पसलाई बहुमुखि क्याम्पसमा रुपान्तरण गर्नका लागि आवश्यक पर्ने आधारभूत आर्थिक, भौतिक तथा अन्य व्यवस्थापकीय क्षेत्रमा क्रमशः सहयोग गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ।

२०.खेलाडीहरु राष्ट्रका गौरव, ईज्जत र प्रतिष्ठा भएकोले मंगला गाउँपालिका अन्तर्गत रहेका आम खेल प्रेमी यूवाहरुलाई गोलबद्ध गर्दै उनीहरुको चाहना र आवश्यकता अनुसारको खेलकुद र यससँग सम्बद्ध सवै पक्षको विकास गर्न विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिने छ। खेलकुदको विकास गर्न खेल पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गरिनेछ ।

## स्वास्थ्य सम्बन्धी नीतिहरु

२१. **"सबैका लागि गुणस्तरिय र सर्वसुलभ आधारभुत स्वास्थ्य सेवा** पुर्‍याउने लक्ष्य अनुरुप स्वास्थ्य संस्थाका कर्मचारी, व्यवस्थापन समिति, जनप्रतीनिधि र आम नागरिहरुको सहभागितामा स्वास्थ्य संस्थाको व्यवस्थापन, आवश्यक पूर्वाधार निर्माण, स्वास्थ्यकर्मीहरुको लागि क्षमता विकास, औषधिको उपलब्धता सुनिस्चितता र सेवा प्रवाहको प्रभावकारीता अभिवृद्धि गरिनेछ ।

२२.गाउँपालिका अन्तर्गतका हरेक स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्रका हरेक विद्यालयका विद्यार्थीहरुको निःशुल्क स्वास्थ्य परिक्षण गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

२३.स्वास्थ्य संस्थाको सहयोगी भूमिकामा रहेका महिला स्वयं सेविकाहरुको क्षमता विकास गर्न तालिम तथा प्रोत्साहनका कार्यक्रम गरी निजहरुको भूमिका प्रभावकारी वनाइनेछ ।

२४.स्वास्थ्यकर्मीहरुको कार्यसम्पादन मूल्यांकन गरी दण्ड र पुरस्कारको विधिसँग आवद्ध गरिनेछ । भने उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्यकर्मीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

२५.मंगला गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) प्रतिवेदनको सिफारिस बमोजिम स्थापीत सामूदायिक स्वास्थ्य इकाईबाट प्रवाह भएको सेवालाई निरन्तरता दिइनेछ।

२६.सर्ने रोग, नसर्ने रोग र मानसिक रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य परिक्षण तथा परामर्श गर्न स्वास्थ्यकर्मीलाई टोलटोलमा खटाउने तथा विद्यालय एवं वडा स्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२७.मातृ स्वास्थ्य सुरक्षालाई प्रोत्साहन गर्न अनिवार्य रुपमा गर्भावस्था र प्रशुति पश्चात स्वास्थ जाँच गर्ने र अनिवार्य रुपमा स्वास्थ्य संस्थामा सुत्केरी गराउने वातावरण मिलाईनेछ । सुत्केरी महिला लक्षित **सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम**लाई निरन्तरता दिइनेछ । समाजमा छोरा र छोरीबीचको भेदभाव अन्त्य गर्न, लिङ्गको आधारमा हुने गर्भपतनलाई निरुत्साहन गरिनेछ।

२८.पोषणको कमिबाट प्रभावित हुने विशेषत वालवालिका, गर्भवती तथा सुत्केरीको पोषण सुरक्षाको लागि विशेष ध्यान दिइ कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै संघीय सरकारको वहुक्षेत्रीय पोषण कार्यक्रमलाई गाउँपालिकाको साझेदारीमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२९.विपद तथा महामारी र चाडपर्वको समयमा गाउँपालिकावासीलाई सहज रुपमा स्वस्थ खाद्यान्न तथा खाद्य सामाग्री आपूर्तिको व्यवस्था मिलाइनेछ ।

३०.निर्माणाधिन १० शैयाको आधारभुत अस्पताल भवन निर्माण कार्यलाई तदारुकताका साथ अघि बढाइनेछ ।

३१.शाखा र नागरीक आरोग्य केन्द्रको सहजिकरणमा **"योग गरौं स्वस्थ रहौं"** भन्ने नाराका साथ गाउँपालिका स्तरमा योगाभ्यास कार्यलाइ प्रोत्शाहन गरिनेछ ।

३२.जेष्ठनागरिक, असक्त, अपाङ्गता भएका व्यक्ति र दिर्घरोगीलाई समय समयमा घरमै पुगेर स्वास्थ्य चेकजाँच तथा उपचारको व्यवस्था मिलाइनेछ ।विभिन्न अस्पताल तथा स्वास्थ्य

संस्थाहरुसँगको समन्वयमा समुदायमा स्वास्थ्य सचेतना कार्यक्रम एवं निशुल्क स्वास्थ्य जाँच सिविर सञ्चालन गरिनेछ ।

३३.विभिन्न सरकारी तथा गैह्र सरकारी संस्थाको सहयोग र समन्वयमा मंगला गाउँपालिकाको स्वास्थ्यको पहुंच नपुगेको ठूलो बस्तिहरुमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

३४.स्वास्थ्य संस्थाबाट प्रेषण गरिएका गम्भिर प्रकृतिका बिरामीहरुका लागि प्रेषित अस्पतालसम्म पुग्नको लागि आवश्यकताका आधारमा अक्सिजनको व्यवस्था गरिनेछ ।

## महिला बालबालिका, जेष्ठ नागरिक तथा समावेशिकरण सम्बन्धी नीतिहरु

३५.अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, सामाजिक समावेशीकरण तथा जीवनस्तर सुधारका लागि अपाङ्गता लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकताका आधारमा सहायता सामग्री वितरण तथा पालिकास्तरीय अपाङ्गता कोष स्थापना गरि परिचालन गरिनेछ।

३६.महिला तथा एकल महिलाको नेतृत्व विकास, सीप अभिवृद्धि, उद्यमशीलता प्रवर्द्धन तथा आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछन्।

३७.“**उपाध्यक्षसँग महिला सशक्तीकरण कार्यक्रम**” मार्फत महिलाहरूको नेतृत्व, उद्यमशीलता, आर्थिक तथा सामाजिक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३८.कार्यस्थलमा हुने लैङ्गिक हिँसा तथा सबै खाले यौनजन्य दुर्व्यवहार र अन्य हिँसा विरुद्ध शुन्य सहन-शिलता नीति लिई हिँसा विरुद्धको अभियान मार्फत हिँसा मुक्त गाउँपालिका घोषणा गरिनेछ ।साथै, हिँसा पिडितहरुलाइ न्याय र पूनर्स्थापनाको व्यवस्था गरीनेछ ।

३९.गाउँपालिका स्तरीय बालसञ्जाललाई प्रभावकारी बनाई बालबालिकाको हकहितको संरक्षण, प्रतिभा प्रस्फुटन एवं क्षमता विकास गरिनेछ ।

४०.हाम्रो समाज सामाजिक समस्याका रुपमा रहेका वालविवाह, जातीय भेदभाव, लैगिंक भेदभाव आदिको अन्त्य गर्नको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४१.समाजमा विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक, जातीय तथा लैगिक विभेदलाई न्यूनिकरण गर्दै समतामूलक समाज निर्माणमा जोड दिईने छ।

४२.दलित, जनजाति, महिला, अपाङ्गता भएका नागरिक, द्धन्द पिडित, यूवा, ज्येष्ठ नागरिक, बालबालिकाहरुको अधिकारको संरक्षण र स्रोत र साधनमाथीको पहुँच वृद्धि गर्न प्रत्यक्ष लाभ पुग्ने किसिमका सशक्तिकरण र उद्यमशिल कार्यक्रमहरु संचालन गरिनेछ ।

४३.विश्वमा देखिएको आर्थिक संकटका कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका नागरिकहरु, गरिब, असहाय, श्रमीक, किसान, हिँसा पिडित, बाढि पहिरो तथा प्राकृतिक विपत्तिमा परेका ब्यक्ति, दलित, पिछडिएको समुदाय, अपाङ्गता भएका ब्यक्ति लगायत सम्पूर्ण सिमान्तिकरण तथा वञ्चितिकरणमा परेका ब्यक्तिका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रमा सुविधा दिई सिप विकास तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि तथा रोजगारीको सिर्जना गरी आय आर्जनको अवसर उपलब्ध गराउन उपयुक्त कार्यक्रम ल्याइनेछ ।

४४.बालबालिका, महिला, अपाङ्गता भएका ब्यक्ति सँग सम्बन्धित विविध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका दिवसहरूमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी जनचेतना अभिवृद्धि गरिनेछ।

४५.जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद तथा बसाइँसराइ लगायतका घटना दर्ताको महत्वबारे नागरिक सचेतना अभिवृद्धि गर्न विशेष अभियान सञ्चालन गरिनेछ।

४६.गाउँपालिकालाई २०८५ चैत्र मसान्त सम्म बालमैत्री स्थानीय तह घोषणा गर्ने नीति लिए अनुरुप गाउँपालिकाको बाल प्रोफाइल, वडाहरुको स्थितिपत्र तयार गरिने छ । कार्यक्रमको लागि आवश्यक कार्ययोजना र लगानी योजना बनाई कार्यान्वयन गरिनेछ । बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, बालश्रम र बालविवाह रोक्न बालबालिका सम्बन्धी नीति निर्माण गरी कार्यान्वयका लागि विभिन्न सचेतनामुलक तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

४७.गाउँपालिका क्षेत्रमा निर्माण गरिने भौतिक संरचना, विकास निर्माणका कार्यक्रम तथा सेवा प्रवाहलाई बालमैत्री र अपाङ्ग मैत्री बनाईनेछ ।

४८.जोखिममा परेका बालबालिकाको आकस्मिक उद्धार, राहत र संरक्षणका लागि 'स्थानीय बाल कोष' स्थापना गरी सञ्चालनमा ल्याइनेछ । बालक्लबको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४९.मंगला गाउँपालिकाको असहाय वालवालिका र असाध्य रोग (मुटु, मृगौला, क्यान्सर, एचआइभी/एड्स आदि) लागेको प्रमाणित भएको व्यक्ति विपन्न असाहय आर्थिक रुपमा

कमजोर नागरिकको लागि "**अध्यक्षसंग सहायता कार्यक्रम**" अन्तरगत सहयोग कार्यलाई निरन्तरता दिइने छ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी नीतिहरु

५०.सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाइ व्यवस्थित र सुदृढीकरण गर्दै जनमुखि वनाउन अनलाइन प्रणाली मार्फत् कार्यान्वयन हुदै आएको कार्यलाइ निरन्तरता दिदै राष्ट्रिय परिचय-पत्र तथा पंजिकरण विभागको लागत साझेदारीमा कार्यक्रम संचालन गरिने छ।

५१.नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत सेवा इकाइको रुपमा स्थापित सामाजिक सुरक्षा तथा पञ्जिकरण एकाईको लागि संघीय सरकारको नीति अनुरुप गर्नु पर्ने लागत साझादारी गाउँपालिकाबाट गरिनेछ ।

५२.जेष्ठ नागरिक एवं अशक्त नागरिकहरुको सहजताको लागि घुम्ति सेवा मार्फत वित्तिय संस्थासँगको समन्वयमा घर/घरमा सामाजिक सुरक्षा भत्ता दिने कार्यलाई निरन्तरता दिइनेछ ।सामाजिक सुरक्षा भत्ता नविकरणमा राष्ट्रिय परिचयपत्रमा आधारित बायोमेट्रिक भेरिफिकेशनको प्रयोगलाई निरन्तरता दिइनेछ।

५३.मंगला गाउँपालिकाका नागरिकहरुको समग्र मानव विकासको अवस्था सम्बन्धमा सामाजिक तथा आर्थिक जोखिम ब्यवस्थापन सूचना प्रणाली (Socio Economic Vulnerability Information Management System) मार्फत सम्पूर्ण घरधुरीहरु पहिचान तथा सूचीकरणको व्यवस्था मिलाइने छ ।

## कला, भाषा तथा संस्कृति सम्बन्धी नीतिहरु

५४.मंगला गाउँपालिकालाइ खुल्ला बहु साँस्कृतिक संग्रहालयको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरुमा स्थानीय पहिचान र मौलिकता झल्कने भेष भुसा, कला साहित्य तथा संगित सहितको झाँकी प्रदर्शन गर्ने, पूर्वाधार निर्माण गर्दा स्थानीय पहिचान झल्कने बास्तुकला, मुर्तिकला तथा चित्रकलाको संकेत निर्माण गर्ने नीति लिइनेछ । मंगला गाउँपालिकाको केन्द्र बाबियाचौरमा निर्मित मंगला इन्द्रेणि पार्क भित्र रहेको मंगला खड्गनन्द संग्रहालयमा यस्ता स्थानीय संस्कृति झल्कने परम्परागत सामाग्रिहरु खोजि गरी व्यवस्थित रुपमा राख्ने व्यवस्था मिलाइनेछ ।साथै स्थानीय लोकबाजाको संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५५.मंगला गाउँपालिकाको स्थानीय भाषा, सँस्कृति, साँस्कृतिक-धार्मिक तथा गाउँपालिका भित्र रहेका ऐतिहासिक स्थलहरु जस्तैः कोट, मन्दिर, गुम्बा आदिको संरक्षण तथा संबर्द्धनका लागि आवश्यक कार्यक्रमहरु तय गरी सञ्चालन गरिने छ।

५६.गाउँपालिका भित्र विभिन्न दर्तावाल संघसंस्थाहरुले सञ्चालन गर्ने ऐतिहासिक तथा साँस्कृतिक मेला तथा पर्वहरु सम्बन्धित क्षेत्रका विद्यालयको पठन पाठनमा अवरोध नहुने गरी बढिमा ५ दिन सञ्चालन गर्ने अनुमति दिने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।

५७.ऐतिहासिक काल देखि दलित तथा शीील्पि समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाइ व्यवसायीक उद्यमको रुपमा स्थापित गर्न पुँजि लगानी सहयोग गरिनेछ ।

## जलस्रोत, सिँचाई, खानेपानी तथा सरसफाई सम्बन्धी नीतिहरु

५८.गाउँपालिकामा वर्षायाममा हुने पहिरो तथा भुक्षय रोकथाम तथा नियन्त्रण गर्नको लागि आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयन गरिने छ ।

५९.म्याग्दी नदी किनारका बस्ति तथा खेतियोग्य जमिनको कटान रोक्न नदि नियन्त्रण पूर्वाधार संरचानको निर्माण कार्यलाइ निरन्तरता दिइने छ ।

६०.**"खाद्य सुरक्षाको लागि व्यवस्थित दिगो सिंचाई"** भन्ने नारालाई सार्थक तुल्याउन गाउँपालिकामा उपलब्ध प्राकृतिक सिंचाइका श्रोत र मुहानहरुको संरक्षण र संवर्धन गरिनेछ। सिंचाई सुविधा नपुगेका खेतियोग्य जमिनमा सिंचाई सुविधा विस्तार गरिनेछ । पानीको स्रोतको कमी भएको, ग्रामिण र भिरालो जमिनमा हिउँदामा समेत सिंचाई सुविधा विस्तार गर्नको लागि लिफ्ट सिंचाई, थोपा सिंचाई, पानी संकलनको लागि पोखरि निर्माण लगायता प्रविधिको प्रयोग गरी सिंचाइ गर्ने ब्यबस्था मिलाइने छ । साथै निर्मित सिँचाइ पूर्वाधार संरचनाको मर्मत सम्भारको लागि आवस्यक व्यवस्था मिलाइनेछ ।

६१.**"गाउँपालिकाबासिका लागि सुरक्षित, स्वच्छ र सुलभ खानेपानी तथा पूर्ण सरसफाई"** को प्रत्याभुती गर्नका लागि संघ, प्रदेश, सामुदायीक एवं गैह्र सरकारी संस्थासँगको साझेदारी र समन्वयमा गाउँपालिकाका सम्पूर्ण वस्तीहरुमा क्रमश मिटर जडित एकघर एकधारा खानेपानी आयोजना पूरा गरिनेछ ।

६२.फोहोरको वैकल्पिक व्यवस्थापन गरि कुहिने फोहोरलाई मल र नकुहिने फोहोरको पुन प्रयोग गर्न प्रोत्शाहन गरिने छ ।मंगला गाउँपालिका अन्तरगत बजार विकास भैसकेका र बजारोन्मुख स्थानको फोहरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साईटको खोजी गर्ने र बजार

क्षेत्रको फोहरमैला व्यवस्थापन गर्ने गरिएको ल्याण्डफिल साईटको सुरक्षित व्यवस्थापन गर्दै बजार क्षेत्रको ढल निकास निर्माणको कार्यलाइ निरन्तरता दिइने छ।

६३.टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

६४.प्लास्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लास्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहीत गरिनेछ ।

## कृषि तथा पशुपालन सम्बन्धी नीतिहरु

६५.**"उत्पादनशील दिगो तथा व्यावसायीक कृषि"** को अवधारणा अनुरुप कृषिलाई पर्यटन र उद्योगसँग जोड्दै रोजगारीका अवसर सिर्जना गरी कृषिलाई नाफामूलक दिगो र सम्मानित व्यवसायको रुपमा रुपान्तरण गर्ने नीति लिइएको छ ।

६६.कृषियोग्य भूमिको उत्पादकत्व वृद्धि गर्नको लागि सिँचाई कुलो निर्माण तथा मर्मत सम्भार गरीनेछ ।

६७.कृषि बालिमा लाग्ने रोग र किरा नियन्त्रणको लागि गाउँपालिकामा उपलब्ध कृषि प्राविधिक जनशक्तिको परिचालन मार्फत कृषकलाई प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

६८.कृषिको आधुनिकिकरण, कृषि उपजहरुको व्यावसायिक उत्पादन र खेती विस्तारको लागि कृषि औजार तथा सामाग्री अनुदान, प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।नीजि र सहकारी क्षेत्र समेतको सहकार्यमा बजारको व्यवस्था गरी कृषिको व्यवसायिकरण गर्ने प्रबन्ध मिलाइनेछ ।

६९.उच्च मूल्यका फलफुल, तरकारी तथा अन्नबालिहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी त्यस्ता स्थानहरुमा व्यावसायीक कृषि कार्यक्रम संचालन गरिनेछ ।कृषि उत्पादन वृद्धि गर्नको लागि कृषकहरुलाई तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

७०.गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क संकलन गरी कृषि तथा पशुपंक्षि सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्दा उक्त तथ्याङ्कको प्रयोग गरिने छ ।

७१.कृषि उत्पादनमा गरेको योगदानलाई मुख्य आधारका रुपमा लिँदै कृषकहरुलाई कृषिलाई आधुनिकिकरण तथा व्यावसायिकरण गर्नको लागि कृषि औजार तथा उपकरण, बिउ बिजन लगायत कृषि प्रवर्धन तथा पशु विकास अनुदान उपलब्ध गराइनेछ ।

७२.संघीय सरकारको सहयोगमा सञ्चालित सुन्तला पकेट क्षेत्र कार्यक्रमलाई प्रभावकारी बनाइ व्यवसायिक उत्पादनलाई जोड दिन गाउँपालिकाबाट आवश्यक पहल गरिनेछ ।

७३.किसानहरुको आयस्तरमा वृद्धि गर्नका लागि अलैंची खेती विस्तार गर्न सकिने स्थानमा अलैंची खेती प्रवर्धन कार्यक्रम संचालन गरिनेछ ।

७४.पशुपालन क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण तथा यान्त्रिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषकको आयआर्जनमा वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। कृषकको मागमा आधारित अनुदानमा यान्त्रिकीकरण सहयोग, उत्पादनमा आधारित दूध तथा मासुमा अनुदान, डाले घाँसको बिरुवा वितरण, हिउँदे घाँस खेती प्रवर्द्धन तथा सुत्केरी पशु स्याहार कार्यक्रम सञ्चालन गरी दिगो तथा प्रतिस्पर्धी पशुपालन प्रणालीको विकास गरिनेछ।

७५.पशु स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय तथा प्रभावकारी बनाउन मासिक रूपमा टोल—टोलमा भेटेरिनरी सेवा, घुम्ती पशु स्वास्थ्य शिविर तथा आवश्यक पशुपन्छी उपचार सेवा सञ्चालन गरिनेछ।

७६.पशु रोगको रोकथाम, नियन्त्रण तथा निगरानीलाई सुदृढ गर्न मासिक इपिडिमियोलोजिकल रिपोर्टिङ, थुनेलो रोग नियन्त्रण, नमुना संकलन तथा प्रेषण, प्रयोगशाला व्यवस्थापन, औषधि खरिद तथा ढुवानी व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

७७.पशुपालक कृषकको ज्ञान, सीप तथा क्षमता अभिवृद्धिका लागि कृषकको मागमा आधारित स्थलगत तालिम र पशुपन्छी बीमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै, पशु सेवा शाखामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई थप प्रभावकारी, उत्तरदायी तथा परिणाममुखी बनाइनेछ।

७८.स्वच्छ, सुरक्षित तथा गुणस्तरीय पशुजन्य उत्पादनको सुनिश्चितताका लागि दूध तथा मासु पसलहरूको नियमित अनुगमन गरिनेछ। मासु तथा दूध पसल सुधार कार्यक्रमलाई लागत साझेदारीमा सञ्चालन गरी खाद्य स्वच्छता तथा उपभोक्ता स्वास्थ्य संरक्षणमा विशेष जोड दिइनेछ। साथै, भेटेरिनरी तथा पशुपालनसँग सम्बन्धित विभिन्न दिवसहरू मनाई जनचेतना अभिवृद्धि गरिनेछ।

७९.'एक स्वास्थ्य' अवधारणालाई आत्मसात गर्दै पशुजन्य तथा जुनोटिक रोग नियन्त्रणका लागि विद्यालयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै, सामुदायिक तथा घरपालुवा कुकुर तथा बिरालोको बन्ध्याकरण कार्यक्रम सञ्चालन गरी पशु कल्याण, रेबिज नियन्त्रण तथा सार्वजनिक स्वास्थ्य संरक्षणमा योगदान पुऱ्याइनेछ।

## पर्यटन सम्बन्धी नितिहरु

८०. **"गाउँपालिकाको समृद्धिको आधार दिगो पर्यटकीय पूर्वाधार"** को सोच अनुरुप मंगला गाउँपालिकाका सम्भाव्य पर्यटक स्थलहरु; झाँक्रिपानी, चाँगा, तिनचुले, चिनाकोट दरवार, टोड्के, मालिकाधुरी, भाले बास्ने ताल, मालिका मन्दिर वडा नं. ३, शिवालय मन्दिर दुर्दि र थर्पुकोट, कैलाशफाँट मन्दिर लगायत गाउँपालिका भित्र रहेका सम्पूर्ण मठ मन्दरीहरु, सिमलचौर लामो छहरी, भोर्लेनी खोला छहरा, लट्टेखोरिया, कुँहु गुफा लगायतका स्थानमा पर्यटन पूर्वाधार विकास, प्रचारप्रसार, होटेल तथा होमस्टे निर्माण र पार्क निर्माण कार्यलाइ प्राथमिकता दिने नीति लिइनेछ ।

८१.पर्यटन क्षेत्रको थप विकासका लागि गाउँपालिकामा निर्माणाधिन सिमलचौर-लामोछहरा-खानिगाउँ-पूर्णगाउँ-टोड्के पदमार्ग निर्माणलाइ निरन्तरता दिइ अन्य नयाँ पदमार्गको खोजी तथा निर्माण कार्य गरिनेछ ।

## उद्योग, व्यवसाय, रोजगारी तथा सहकारी सम्बन्धी नीतिहरु

८२.**"लघु, घरेलु तथा साना उद्योगको विकास उत्थानशील स्थानीय अर्थतन्त्रको दिगो आधार"** भन्ने नारालाई सार्थक तुल्याउन प्रतिष्पर्धी र तुलनात्मक लाभ भएका वस्तु उत्पादन गर्ने उद्योगहरुलाई प्रोत्साहन गरिने छ ।स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्यम व्यवसायहरुको विकासका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।

८३.उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनीक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलिकरण र प्रभावकारी बनाइनेछ ।

८४.मंगला गाउँपालिकामा उद्योग तथा स्वरोजगारको पूर्वाधार तयार पार्दै **"एक बस्ती एक उद्यम, एक व्यक्ति एक सीप"** को अवधारणा अनुसार बेरोजगारीको दरलाई न्यून गर्दै लगिने छ ।

८५.आन्तरिक रोजगार प्रवर्धनका लागि गाउँपालिका भित्र रहेका बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने, रोजगारीका क्षेत्रहरुको पहिचान गर्ने, राष्ट्रिय रोजगार प्रबर्धन कार्यक्रम अन्तर्गत पालिकाको लागत साझेदारीमा रोजगारमुलक सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगार कार्यक्रममा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई सहभागी गराईनेछ ।साथै सिपयुक्त दक्ष जनशक्ति निर्माण गर्नका लागी आवश्यक सिप तथा तालिममका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८६.श्रम, रोजगार, सिप तथा उद्यमसिलता सम्बन्धी क्रियाकलाप एकिकृत रुपमा सञ्चालन गरी शैक्षिक तथा सिपयुक्त जनशक्तिको ज्ञान सिप र क्षमतालाई उपयोग गर्दै आन्तरिक रोजगारी बढाउन रोजगार, सिप तथा उद्यमसिलता केन्द्रमा आवस्यक जनशक्ति व्यवस्थापन गरीनेछ ।

८७.श्रम तथा रोजगार सम्बन्धी समस्या समाधान गर्दै नागरीकहरुलाई छिटो छरितो रुपमा सेवा प्रदान गर्न वैदेशिक रोजगार वोर्ड, वैदेशिक रोजगार विभाग, कन्सुलर सेवा विभाग लगायतका निकायसँग सहकार्य गर्दै गाउँपालिका बाटनै सो सम्बन्धी सेवा प्रदान गरीने छ ।

८८.गाउँपालिका भित्र रहेका बेरोजगार नागरिकहरु र आन्तरिक तथा बाह्य रोजगारीको सिलसिलामा समस्यामा परेका नागरिकहरुको समस्या समाधान गर्नको लागि एकिकृत श्रम तथा रोजगार नीति तर्जुमा गरी नेपाल सरकार र प्रदेश सरकारसँगको समन्यव र सहकार्यमा श्रम सम्बन्धी समस्या समाधान तथा रोजगारी प्रवर्धन गर्ने नीति लिइनेछ ।

८९.श्रमिकहरुलाई सुचिकृत गर्ने कार्य प्रारम्भ गरी मजदुरहरुको सामाजिक सुरक्षा तथा कार्यस्थलमा सुरक्षाको व्यवस्था गर्न, उनीहरुलाई कामको प्रत्याभूति दिलाउन, रोजगारको खोजीमा सहयोग पूराउन तथा हकहितको सुरक्षाको लागि श्रम डेस्क सञ्चालन गरिनेछ ।

९०.गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेड्पा) अन्तर्गतको सम्भाव्य उतपादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्न, गरिव बिपन्न, पिछडिएको वर्ग, महिला, दलित, जनजाती,वैदेशीक रोजगारीबाट फर्किएको व्यक्तिहरुको लागि क्षमता विकासका सम्बन्धि सिप, तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ

९१.गाउँपालिकाको सवै वडाको बस्तिहरुमा गठित टोल विकास संस्था, आमा समूह, दलित अपांग महिला सञ्जाल, युवाक्लव, वालक्लव लगायत सामाजिक संस्थाको रुपमा संस्थाहरु कानून बमोजिम दर्ता गर्न लगाइ सामाजिक कामको लागि प्रोत्साहन गरिनेछ ।

९२.संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा लागत साझेदारीमा सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिदै वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, सीप अभिवृद्धि, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता लगायतका सेवाहरु प्रवाह गरीनेछ ।

९३.वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाइ सही सूचना र जानकारी लिन प्रोत्साहन गरिनेछ । वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका व्यक्तिहरुलाई आवश्यक कानुनी तथा आर्थिक सहायताका लागि विशेष पहल गरिनेछ ।

९४.वैदेशिक रोजगारी तथा अन्य कारणले उत्पन्न मानसिक स्वास्थ्यको समस्यालाइ न्यूनीकरण गर्न मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

९५.स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालन गरीने छ । उक्त कार्यक्रमहरूमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरूको पहुँच सुनिश्चित गरीने छ । पालिकास्तरीय आप्रवासी श्रमिक सञ्जाल गठन तथा क्षमता विकास कार्यक्रम अगाडी बढाईनेछ ।

९६.सहकारीका सञ्चालक, कर्मचारी र आम शेयर सदस्यहरूका लागि सहकारी शिक्षा, वित्तीय साक्षरता, र कानुनी दायित्व सम्बन्धी नियमित तालिम सञ्चालन गरिनेछ।

९७.सबै सहकारीहरूको विवरण, प्रतिवेदन र वित्तीय अवस्थालाई अनलाइन प्रणालीमा आबद्ध गर्न र नियमनलाई प्रविधिमैत्री बनाउन सहकारी तथा गरिवी सम्बन्धि व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सबै सहकारी संस्थालाई अनिवार्य आवद्ध गरिनेछ।

## पूर्वाधार विकास सम्बन्धी नीतिहरु

९८.गाउँपालिका विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकाको गौरवको आयोजनाको रुपमा कार्यान्वयन गरिनेछ ।

९९. गाउँपालिका भित्रका प्रमुख रणनीतिक सडकहरुलाई स्तरोन्नती गरी कालोपत्रे तथा ढलान गर्ने, शाखा सडकहरुको मर्मत सम्भार एवं स्तरोन्नती गर्ने र आवश्यकता पहिचान गरिएको स्थानमा नयाँ सडक र कृषि सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१००. गाउँपालिकाका भित्र रहेका खहरे खोलामा आवश्यकता अनुसार मोटरेवल पुल, कल्भर्ट, कज वे तथा झोलुङ्गे पुल निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१०१. पूर्वाधार विकासको लागि संघीय सरकार, प्रदेश सरकार र अन्य गैर सरकारी संघ संस्थासँगको संयुक्त लगानीका आयोजना कार्यान्वयनका लागि आवश्यक रकम सहितको समपुरक कोषको व्यवस्थापन कार्यलाइ निरन्तरता दिइने छ।

१०२. गाउँपालिकाको यातायात तथा सडक गुरुयोजना तयार गरी लागु गरिने छ ।

१०३. नेपाल राष्ट्रिय भवन संहिता २०६०, बस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भु-उपयोग नीति, भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागू गरी गाउँपालिकाको भूगोल सुहाउँदो सुरक्षित एवं व्यवस्थित पूर्वाधार निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०४. विगत देखिका निर्माणाधिन तथा अधुरा आयोजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

१०५. गाउँपालिकाबाट निर्माण भएको सडक मापदण्ड अनुरुप सडक क्षेत्र विस्तार गरी सडकको क्षेत्राधिकार सुनिश्चित गरिनेछ ।

१०६. गाउँपालिकामा हाल सम्म निर्माण भएका सम्पूर्ण पुर्वाधार संरचनाहरुको लगत संकलन गरी अभिलेखिकरण गरिने छ ।

१०७. एक वडा एक पार्क निर्माण नीतिलाइ निरन्तरता दिइनेछ ।

१०८. मंगला गाउँपालिका अन्तर्गत सञ्चालन हुने भौतिक पूर्वाधार विकासलाई स्थानीय नागरिकहरुको अपनत्व बोध गराउन उपभोक्ता समिति मार्फत सञ्चालन हुने कार्यक्रमहरुमा कम्तिमा १० देखि १५ प्रतिशत रकम बराबरको स्थानीय जनसहभागिता (नगद, वस्तु वा श्रम) सुनिश्चितता गरिने छ । साथै भौतिक पूर्वाधार तर्फको पुँजिगत खर्च तर्फ कट्टा हुदै आएको ४% प्रशासनिक व्यवस्थापन खर्च/कन्टेन्जेन्सी रकमलाइ निरन्तरता दिइ उक्त रकमको खर्च कार्यविधि तर्जुमा गरी सोही बमोजिम गर्ने व्यवस्था मिलाइनेछ ।उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाको लागि ३ लाख वा सो भन्दा बढि बजेट भएका आयोजनाको लागि बढिमा २०% मोबिलाइजेशन पेश्की रकम उपलब्ध गराइनेछ ।

## सूचना प्रविधि, सु-शासन तथा संस्थागत क्षमता सम्बन्धी नीतिहरु

१०९. **"सूचना तथा सञ्चार प्रविधिको विस्तार, विकसित मंगला गाउँपालिकाको बलियो आधार"** को अवधारणा अनुरुप गाउँपालिकाको सेवा प्रवाहलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाइ विद्युतिय सुशासनको प्रवर्धन गरिने छ ।कर्मचारीमा सूचना प्रविधिको ज्ञान र सिपको विकास गर्नको लागि तालिम प्रदान गरिनेछ ।

११०. गाउँपालिका अन्तरगतका सबै कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा कर्मचारीको विद्युतिय हाजिरिलाई अनिवार्य गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत अनुगमन र नियन्त्रणको व्यवस्था मिलाइने छ ।

१११. बाबियाचौर बजारको मुख्य चोकहरुमा सुरक्षाको लागि बाबियाचौर प्रहरीचौकीबाट निगरानी हुने गरी सि.सि. क्यामेरा जडान गरिनेछ ।

११२. जनप्रतीनीधि तथा कर्मचारीको सिप र क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखि बनाइनेछ ।कर्मचारीको कार्यसम्पादन चुस्त दुरुस्त वनाउन दण्ड र पुरस्कारको विधि अवलम्वन गरिनेछ ।

११३. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरुलाइ जनउत्तरदायी बनाई नागरिक मैत्री स्थानीय शासन स्थापित गर्न मासिक, चौमासिक एवं वार्षिक समिक्षा, चौमासिक रुपमा सार्वजनिक सुनुवाइ, सेवा ग्राही सन्तुष्टि सर्वेक्षण, घुम्तिसेवा र सामाजिक परिक्षण जस्ता विधिहरु अपनाइनेछ ।

११४. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा, विकास निर्माण सम्वन्धी कार्य, खरिद कार्य लगायत अन्य सम्पूर्ण क्रियाकलापहरु पूर्णरुपले पारदर्शी, मितव्ययी र जनउत्तरदायी बनाउदै सबै प्रकारका भ्रष्टचार, अनियमितता, ढिलासुस्तीमा शुन्य सहनशिलताको नीति अख्तियार गरिने छ ।

११५. मंगला गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि मंगला २ बाबियाचौर, माटेबगर स्थित सार्वजनिक जग्गा (बगर) प्राप्तिको प्रक्रियालाई अघि बढाइनेछ ।

११६. प्रशासनिक तथा आर्थिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, वेरुजु लगायतको विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्य अगाडी बढाइनेछ ।

११७. **"पारदर्शी, जवाफदेही, जनमुखी, परिमाणमुखी सेवा गाउँपालिकाको सान र पहिचान"** भन्ने मान्यता अनुरुप सेवा प्रवाह तथा कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउन आवश्यकता अनुसार ऐन, नियम तर्जुमा गर्ने, तर्जुमा गरिएका कानुनबारे सम्बन्धित सबै सरोकारवालालाई जानकारी गराउने तथा कडाइका साथ कार्यान्वयन गरिने छ ।

११८. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिकाको सूचना पाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

११९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न उपभोक्ताहरु समेतको सहभागितामा नियमित बजार अनुगमन गरिनेछ ।

१२०. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसि सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१२१. गाउँपालिकाबाट चयन भएका आयोजनाहरुको गुणस्तर सुनिश्चित गर्न आयोजनाहरुको अनुगमन, मुल्याङ्कन, सुपरिवेक्षण र प्रतिवेदन कार्यलाई प्रभावकारी बनाउँदै प्रतिवेदनबाट प्राप्त हुने सुझावलाई भावि योजना निर्माण तथा कार्यान्वयनमा उपयोग गरीनेछ ।

१२२. मंगला गाउँपालिका मातहतका सम्पूर्ण कार्यालय तथा शाखाहरुमा रहेका सार्वजनिक सरोकारका सूचनाहरुमा सूचनाको हक सम्वन्धी ऐन, २०६४ बमोजिम नागरिकको पहुँच सुनिश्चितताको व्यवस्था गरिनेछ ।

१२३. गाउँपालिकाबाट भए गरेका सम्पूर्ण कामकारवाहीको विषयमा नागरिकलाई सुसूचीत गर्ने तथा माग भएको सूचना समयमै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१२४. मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र अन्तरगतका कर्मचारीहरुलाई उच्च मनोवलका साथ कार्य गर्ने वातावरण सिर्जना गरिनेछ ।

१२५. मंगला गाउँपालिका र अन्तर्गत करार सेवामा काम गर्ने कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाइ निरन्तरता दिइने छ।

## वन वातावरण तथा विपद व्यवस्थापन तथा सुरक्षित आवास सम्बन्धी नीतिहरु

१२६. मंगला गाउँपालिकाभित्रका पानीका मुहानहरूलाई सुक्नबाट जोगाउन, भूमिगत जलस्तर बढाउन तथा वन क्षेत्रमा हरियाली कायम राख्न जल पुनर्भरण पोखरी निर्माण तथा संरक्षण गरिनेछ ।

१२७. मंगला गाउँपालिकाभित्र भू-क्षय र पहिरो नियन्त्रण गर्दै वातावरणीय सन्तुलन कायम गर्न गाउँपालिकाले सार्वजनिक जग्गा, राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रमा स्थानीय प्रजातिका फलफूल, जडीबुटी र काठजन्य बिरुवाहरूको वृक्षारोपण तथा संरक्षण नीति अवलम्बन गरिनेछ।

१२८. संघीय सरकार, प्रदेश सरकार र स्थानीय समुदायसँगको सहकार्यमा गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक वनहरुको संरक्षण र व्यवस्थापन गरी पर्यावरणीय संतुलन एवं जलवायु परिवर्तनका असरहरु न्यूनिकरण गर्ने प्रायास गरिनेछ ।

१२९. मंगला गाउँपालिका क्षेत्र भएर वग्ने म्याग्दी नदीले खेतियोग्य जमिन तथा वस्तीलाइ पुऱ्याएको क्षतिलाइ न्यूनिकरण गरी त्यस्ता क्षेत्रको संरक्षण गर्नका लागि गाउँपालिकावाट तयार पारिएको म्याग्दी खोला नदी नियन्त्रण विस्तृत परियोजना प्रतिवेदनलाइ संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी कार्यान्वयन गरिनेछ ।

१३०. यस गाउँपालिका क्षेत्रमा आकस्मिक रुपमा हुने दूर्घटना तथा विपदमा परेका नागरिकहरुलाइ तत्काल उद्धार तथा राहत प्रदान गर्न अध्यक्षसंग विपद सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३१. मंगला गाउँपालिका क्षेत्रभित्र हुन सक्ने विपद जोखिमको अध्ययन गरी तयार पारिएको विपद प्रतिकार्य योजनालाई कार्यान्वयन गरी विपद व्यवस्थापन कार्यलाई प्राथमिकता दिइनेछ ।

१३२. वायु परिवर्तको कारण कृषि तथा पशुपालन क्षेत्र, वातावरण क्षेत्रमा परेको असर, प्राकृतिक विपत्ती रोगव्याधी जस्ता समस्याहरुको समाधान गर्न र त्यसप्रति अनुकूलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विभिन्न प्राक्रितिक एवं मानव शिर्जित विपत्तिको पूर्वतयारी, उद्धार, राहत, पूनर्स्थापना तथा पूनर्निर्माण गर्नको लागि **"मंगला गाउँपालिका विपद व्यवस्थापन कोष"** स्थापना गरी कार्यान्वयन गरिनेछ ।

१३३. मंगला गाउँपालिकाभित्र जुनसुकै समयमा आउन सक्ने बाढी, पहिरो तथा प्राकृतिक विपद्को समयमा तत्काल खोज, उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाले प्रत्येक वडामा स्थानीय युवा र समुदाय सम्मिलित "दक्ष विपद् व्यवस्थापन स्वयंसेवक दस्ता" गठन गरी परिचालन गर्ने नीति अवलम्बन गर्नेछ।

१३४. विपद जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी, विपद न्यूनिकरण, प्रतिकार्य र पुनस्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।सो कार्यको लागि नेपाल रेडक्रस सोसाइटी र नीजि क्षेत्र सँग सहकार्य गरिने छ ।

१३५. संघीय सरकारको सहकार्यमा सञ्चालित सुरक्षित नागरिक आवास कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

१३६. **"दिगो, गुणस्तरीय र व्यवस्थित वन, स्वस्थ, उत्पादनशील र सुरक्षित जलाधार तथा पर्यावरण"** को मान्यता अनुरुप खाली जग्गामा वृक्षारोपण, हरीयालि प्रवर्धन तथा वनको संरक्षण, पोखरी संरक्षण तथा निर्माण, पहिरो तथा गल्छी नियन्त्रण, नदि नियन्त्रण गरी जल, जमीन, वातावरण तथा जलाधारको संरक्षण गरिनेछ ।

१३७. मंगला गाउँपालिकामा मनसुनजन्य र आगालागी जन्य विपदबाट पूर्ण तथा आंशिक क्षति भएका घरहरुको राहत, पूनर्स्थापना तथा पूनर्निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ ।

## न्यायिक निरुपण तथा विवाद समाधान सम्बन्धी नीतिहरु

१३८. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्नका लागि न्यायीक समितिको क्षमता विकास गरी, न्यायिक कक्ष निर्माण गर्ने र कानूनि साक्षरता तथा मेलमिलाप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

१३९. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१४०. मेलमिलापकर्तालाई पुनर्ताजकी तालिम दिइ प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

१४१. सवै वडाका वडा सदस्यहरुलाई न्यायिक अभ्यास सम्वन्धी पुनर्ताजकि कार्यक्रम सञ्चालन गरी स्थानीय सानातिना झैझगडा स्थानीयस्तरमा मेलमिलापबाट फछ्यौंट गर्ने अभ्यास गरिनेछ ।

## राजश्व सुधार तथा आन्तरिक स्रोत परिचालन सम्बन्धी नीतिहरु

१४२. गाउँपालिकाको समृद्धि तथा आत्मनिर्भरताका लागि करको दायरा विस्तार गरिनुका साथै कर प्रणालीमा सुधार गरिनेछ। विद्यमान करका दरमा पुनरावलोकन गरी करमा सहभागीता बढाउने नीति अवलम्बन गरिनेछ।

१४३. आन्तरिक राजस्व अभिवृद्धि गर्ने प्रयोजनको लागि राजस्व परामर्श समितिसँग सम्बन्धित पदाधिकारी तथा कर्मचारीलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१४४. व्यक्तिले तिर्नुपर्ने कर, राजस्व, दस्तुर तथा महशुल अनलाइन माध्यमबाट घरमै बसेर तिर्न सकिने व्यवस्था गरिने नीति लिइनेछ। यसका लागि करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१४५. सम्पत्ति कर, व्यवसाय कर, घर बहाल कर, कृषि उपज निकासी शुल्क, बहाल कर, विज्ञापन कर, दहत्तर बहत्तर लगायतका करका स्रोतलाई गाँउपालिकाको प्रमुख आयस्रोतको रुपमा परिचालन गरिनेछ।

१४६. गाउँपालिकाको राजस्व सुधार योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै, समय अनुसार संशोधन तथा परिमार्जन गर्दै लगिनेछ ।

१४७. सामाजिक सुरक्षा सँग सम्बन्धित खाताबन्द सिफारिस, टोल विकास संस्था उपभोक्ता समिति बैंक खाता खोल्ने सिफारिस, बेरोजगार व्यक्तिको सूचिकरण सिफारिस, अपांग असहाय जेष्ठ नागरिक परिचय पत्र सिफारिस, मृत वेवारिसे पशु व्यवस्थापन सिफारिस, स्वास्थ्य उपचार सिफारिस, असक्त असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस र आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस निशुल्क गरीनेछ ।

१४८. ढुङ्गा, गिट्टि बालुवा जस्ता नदिजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति अनुसार मंगला गाउँपालिकाको बजेट तथा कार्यक्रम तयार पारी प्रस्तुत हुने कुरामा सम्पूर्ण सदस्यज्यूहरुमा विश्वस्त गराउन चाहन्छु । प्रस्तुत नीतिलाई यसकै मर्म र भावना अनुसार कार्यान्वयन गर्नका लागि आवश्यक ऐन, कानून तथा निर्देशिकाहरुको सम्बन्धित विषयगत समितिद्वारा तयार गरी सभा तथा कार्यपालिकाबाट पारित गरी कार्यान्वयन गरिनेछ । गाउँपालिकाको नेतृत्वमा सञ्चालन हुने समग्र विकास निर्माणका कार्यहरु, आर्थिक वृद्धि लक्षित कार्यक्रमहरु, गुणस्तरिय शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा हुने पहल कदमिहरु र सामाजिक समावेशिकरणको माध्यमबाट समग्र समाजको रुपान्तरण गर्नका लागि गाउँपालिकालाई आम मंगला गाउँपालिकाबासीहरुको सदैव पूर्ण साथ, समर्थन र सहयोग रहिरहने छ भन्ने अपेक्षा सहित यस नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनु हुने पालिकाका आम नागरिक, कर्मचारी तथा अन्य महानुभावहरु प्रति पुन कृतज्ञता प्रकट गर्न चाहन्छु।

**मिति २०८३ साल ३ महिना ९ गते मंगलबार**